# स्थानीय राजपत्र

भोटखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०६ संख्या: २० मिति: २०८३ साल असार ११  गते विहिवार


## भाग-एक

## भोटखोला गाउँपालिका, संखुवासभा, कोशी प्रदेशको सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) दिएको अधिकार प्रयोग गरी भोटखोला गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सम्वत २०८३ सालको नियम नं. ०३**

## सार्वजनिक खरिद नियमावली, २०८३

**<u>प्रस्तावना</u>**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भोटखोला गाउँपालिका, गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "भोटखोला गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली भोटखोला गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले भोटखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिवको हकमा सम्बन्धित शाखाको अधिकृत स्तरको कर्मचारी, त्यस्तो कर्मचारी नभएमा शाखा हेर्ने गरी तोकिएको अधिकृत स्तरको कर्मचारी, गाउँ कार्यपालिकाको शाखा प्रमुखहारूको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिकाको अध्यक्ष र गाउँपालिकाको अध्यक्षको हकमा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्दछ ।

भोटखोला गाउँपालिका स्थानीय राजपत्र

(घ) "कार्यपालिका" भन्नाले भोटखोला गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "कार्यालय " भन्नाले भोटखोला गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय सम्झनु पर्दछ र सो शब्दले वडा कार्यालयलाई समेत जनाउनेछ ।

(च) "विभागीय प्रमुख" भन्नाले वडाको हकमा वडा सचिव, शाखाको हकमा शाखा प्रमुख र कार्यपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले वडाको सचिव सम्झनु पर्छ ।

(ज) “शाखा प्रमुख” भन्नाले कार्यालयको कुनै शाखाको प्रमुख सम्झनु पर्छ र सो शब्दले शाखा प्रमुख भई कार्य गर्न तोकिएको कर्मचारीलाई समेत जनाउँछ ।

३. **लागत अनुमानको स्वीकृति** : (१) गाउँपालिकाले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारबाट स्वीकृत गराउनु पर्नेछ;-



भोटखोला गाउँपालिका स्थानीय राजपत्र

(क) एक लाख रूपैयाँसम्मको लागत अनुमान वडा सचिव वा शाखा प्रमुखवाट,

(ख) एक लाख देखि तीन लाख रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तरको शाखा प्रमुखवाट,

(ग) तीन लाख देखि बिस लाख रूपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतवाट,

(घ) बिस लाख देखि एक करोड रुपैयाँसम्मको लागत अनुमान अधयक्षबाट,

(ङ) एक करोड रूपैयाँभन्दा बढी रकमको लागत अनुमान कार्यपालिकाबाट ।

(२) गाउँपालिकाले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारबाट स्वीकृत गराउनु पर्नेः-

(क) तीन लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तरको शाखा प्रमुखबाट,

(ख) तीन लाख देखि बिस लाख रुपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट,

(ग) बीस लाख देखि तीस लाख रुपैयाँसम्मको लागत अनुमान अध्यक्षबाट,

(घ) तीस लाख रुपैयाँभन्दा बढी रकमको लागत अनुमान कार्यपालिकाबाट ।

(३) गाउँपालिकाको अध्यक्ष आफैंले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारबाट स्वीकृत गराउनु पर्नेछ ।

४. <u>**बोलपत्र तथा प्रस्ताव सम्बन्धी कागजात स्वीकृत गर्नु पर्ने**</u> : बोलपत्र आह्वान सम्बन्धी कागजात तथा प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भएपछि त्यस्तो कागजात बोलपत्र वा प्रस्ताव आव्हान अगावै नियम ३ बमोजिम लागत अनुमान स्वीकृत गर्ने अधिकारीले स्वीकृत गर्नु पर्नेछ ।

५. <u>**प्रस्ताव मूल्याङ्कन सम्बन्धी बिशेष व्यवस्था**</u> : (१) मूल्याङन समितिले प्रस्ताव मूल्याङन गर्दा एकल वा संयूक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक कालो सूचीमा रहे नरहेको तथा निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकीन गरी कालो सुचिमा रहेको वा भ्रष्टाचारको मुद्दा दायर भएको देखिएमा मूल्याङ्कन समितिले अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

भोटखोला गाउँपालिका स्थानीय राजपत्र

(२) उपनियम (१) बमोजिम मूल्याङ्कन समितिबाट लेखी आएमा अध्यक्षले आफ्नो राय सहितको प्रस्ताव तयार गरी प्रकार्यपालिका समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम राय सहितको प्रस्ताव प्राप्त हुन आएमा कार्यपालिकाले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङन प्रक्रियामा समावेश नगर्न मूल्याङन गरिसक्नु पर्ने अवधिभित्र निर्देशन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्देशन भई आएमा समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ ।

६. **<u>बोलपत्र स्वीकृत गर्ने अधिकारी</u>** : (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) पचास लाख रूपैयाँसम्मको बोलपत्र प्रमुख प्रशासकीय अधिकृत,

(ख) पचास लाख भन्दा बढी एक करोड रूपैयाँसम्मको बोलपत्र अध्यक्ष,

(ग) एक करोड रूपैयाँभन्दा बढीको बोलपत्र कार्यपालिका ।

(२) उपनियम (१) बमोजिम बोलपत्र आफैं स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

७. **<u>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी</u>** : (१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको प्रस्ताव प्रमुख प्रशासकीय अधिकृत,

(ख) बिस लाख देखि तीस लाख रुपैयाँसम्मको प्रस्ताव अध्यक्ष,

(ग) तीस लाख रुपैयाँभन्दा बढीको प्रस्ताव कार्यपालिका ।

(२) उपनियम (१) बमोजिम परामर्श सेवा सम्बन्धी प्रस्ताव आफैले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारवाट स्वीकृत गराउनु पर्नेछ ।

८. **<u>भेरिएसन आदेश</u>** : (१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण

खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन प्रमुख प्रशासकीय अधिकृतले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन अध्यक्षले,

(ग) दश प्रतिशत भन्दा माथिको भेरिएशन कार्यपालिकाले ।

(२) उपनियम (१) बमोजिम भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरूको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सकिनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने छैन ।

(४) उपनियम (१) जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा कमको भेरिएसन आदेश अध्यक्षले जारी गर्न सक्नेछ ।

९. **<u>सोझै खरिद गर्न सक्ने</u>** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय

अधिकृतले एक लाख रूपैयाँ सम्मको कार्यालय सामग्री र परामर्श सेवा सोझै खरिद गर्न सक्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँचलाख रूपैयाँ सम्म लागत अनुमान भएको कार्यालय सामग्री र परामर्श सेवा खरिद गर्नु पर्दा प्रमुख प्रशासकीय अधिकृतले बजार दरभाउ पत्र माग गरी दरभाउ पत्र अनुसार कम मूल्यमा उपलब्द गराउन सक्ने सेवा प्रदयाकसँग खरिद गर्न सक्नेछ ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँचलाख रूपैयाँ सम्म लागत अनुमान भएको प्राविधिक सेवा खरिद गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतले सोझै खरिद गर्न सक्नेछ ।

स्पष्टीकरणः यस उपनियामको प्रयोजनका लागि प्राविधिक सेवा भन्नाले इन्जीनियरीङ, कानून, स्वास्थ्य सेवा, सूचना प्रविधि, जास्ता प्राविधिक सिप र क्षमता आवश्यक हुने सेवा सम्झनु पर्दछ ।

१०. **<u>खरिद कार्यको अनुगमन</u>** : यस नियमावली बमोजिम गाउँपालिकाबाट भएको खरिद सम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार कार्यपालिका र जिल्ला स्थित प्रदेश र संघ सरकारका सम्बन्धित निकायलाई हुनेछ ।

११. **<u>अधिकार प्रत्यायोजन</u>** : कार्यपालिकाले यस नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आफू मुनीको कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **<u>यसै नियमावली बमोजिम हुने</u>** : यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३. **<u>बचाउ</u>** : (१) यस अघि सार्वजनिक खरिद सम्बन्धमा भए गरेका कार्यहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

<u>आज्ञाले</u>

.................

प्रमुख प्रशासकीय अधिकृत

भोटखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, संखुवासभा

भोटखोला गाउँपालिका स्थानीय राजपत्र